# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८)   काठमाडौं,   माघ ७ गते २०५५ साल   (अतिरिक्ताङ्क ६६

## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको सूचना

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५५ सालको ऐन नं. १७

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र मान्य हुनेछ।
१२५५

## जलचर संरक्षण ऐन, २०१७ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : जलचर संरक्षण ऐन, २०१७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "जलचर संरक्षण (पहिलो संशोधन) ऐन, २०५५" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. जलचर संरक्षण ऐन, २०१७ को दफा २ मा संशोधन : जलचर संरक्षण ऐन, २०१७ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएकोछ :-

"(क) "जल" भन्नाले ताल, दह, खहरे, खोला, नदी, नाला, पोखरी, नहर, कुलो, तलाउ, जलाशय, कृत्रिम जलाशय (रिजरभ्वायर), सिमसार, मत्स्य पालनका लागि जडान भएको पिंजडा (क्रेज) तथा माछा पालन गरेको धान खेतको पानी र तिनीहरुको स्रोत समेत सम्झनु पर्छ ।"

(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएकोछ :-

"(ग) "स्थानीय अधिकारी" भन्नाले सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी सम्झनु पर्छ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
९३८९

(३) खण्ड (ग) पछि देहायका खण्ड (ग१) र (ग२) थपिएका छन् :-

"(ग१) "प्राविधिक अधिकारी" भन्नाले मत्स्य विकास वा मत्स्य अनुसन्धान वा मत्स्य प्रसार कार्य गर्नको लागि श्री ५ को सरकारले तोकेको कर्मचारी सम्झनु पर्छ ।

(ग२) "फीस ल्याडर" भन्नाले जलमा जलचरको आवागमनको लागि राखिएको वैकल्पिक बाटो सम्झनु पर्छ ।"

३. <u>मूल ऐनको दफा ३ मा संशोधन</u> : मूल ऐनको दफा ३ मा रहेका "कुनै किसिमको" भन्ने शब्दहरु पछि "विद्युतीय धार (करेण्ट)" भन्ने शब्दहरु थपिएका छन् र सोही दफामा रहेका "वा कुनै बाँध, पुल, जलमार्ग इत्यादी विगार्न भत्काउन" भन्ने शब्दहरु झिकिएका छन् ।

४. <u>मूल ऐनमा दफा ३क. थप</u> : मूल ऐनको दफा ३ पछि देहायको दफा ३क. थपिएकोछ :-

"३क. <u>फीस ल्याडर तथा संरचनाका ढोका थुन्न वा भत्काउन नहुने</u> : अधिकार प्राप्त व्यक्ति बाहेक अरु कसैले पनि जलचरको संरक्षणको लागि जलमा रहेको फीस ल्याडर, बाँध तथा अन्य कुनै किसिमको संरचनाको ढोकाहरुलाई थुन्न वा भत्काउन हुँदैन ।"

५. <u>मूल ऐनमा दफा ५क. र ५ख. थप</u> : मूल ऐनको दफा ५ पछि देहायको दफा ५क. र ५ख. थपिएका छन् :-


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।
1226

"५क. <u>सुरक्षित विष बाहेक अन्य विष प्रयोग गर्न नहुने</u> : जलचर समात्ने वा मार्ने प्रयोजनको लागि कुनै विषालु पदार्थ प्रयोग गर्नु पर्ने भएमा त्यसको प्रयोजनको लागि सुरक्षित विष बाहेक अरु कुनै प्रकारको विष प्रयोग गर्न हुँदैन ।

<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि "सुरक्षित विष" भन्नाले प्राविधिक अधिकारीले सिफारिश गरेको रसायन वा जडिबुटी सम्झनु पर्छ ।

५ख. <u>जलचर सम्बन्धी अन्य व्यवस्था</u> : (१) विद्युत, खाने पानी, सिंचाई वा अन्य कुनै प्रयोजनको लागि बाँध निर्माण गर्ने निकायले जलचरको आवागमनमा बाधा पर्न नदिनको लागि सम्भव भएसम्म फीस ल्याडर निर्माण गर्न पर्नेछ । फीस ल्याडर निर्माण गर्न सम्भव नहुने भएमा त्यस्तो ठाउँमा वा आस पासको क्षेत्रमा जलचरको कृत्रिम प्रजनन गराउनको निमित्त जलचर ह्याचरी तथा जलचर नर्सरीको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्माण कार्य गर्दा प्राविधिक अधिकारीलाई पूर्व जानकारी दिनु पर्नेछ ।"

६. <u>मूल ऐनको दफा ७ मा संशोधन</u> : मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएकोछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"७. <u>ठेक्का सम्बन्धी व्यवस्था</u> : (१) श्री ५ को सरकारले आफ्नो नियन्त्रणमा रहेको जुनसुकै जलमा कुनै एक वा एक भन्दा बढी प्रकारका जलचरहरु समाल्ने तथा मार्ने कामको ठेक्का बन्दोबस्त गर्न सक्नेछ ।

(२) स्थानीय निकायहरुले प्रचलित कानून बमोजिम जलमा माछा पालन गर्ने वा माछा मार्ने ठेक्का दिंदा प्राविधिक अधिकारीसंग परामर्श लिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको ठेक्का दिंदा जलचर समात्न वा पक्रन प्रयोग गरिने साधनको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) वा (२) बमोजिमको ठेक्का दिंदाको कार्यविधि तोकिए बमोजिम हुनेछ ।"

७. <u>मूल ऐनको दफा ८ मा संशोधन</u> : मूल ऐनको दफा ८ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

"(१) दफा ३ वा ३क. उल्लंघन गर्ने वा गर्न दुरुत्साहन गर्ने व्यक्तिलाई स्थानीय अधिकारीको आदेशले कसूरको मात्रा हेरी हानी नोक्सानी भएकोमा बिगो बराबरको क्षतिपूर्ति भराई पाँचहजार रुपैयाँसम्म जरिवाना हुनेछ । हानि नोक्सानीको मूल्यांकन गर्दा प्राविधिक अधिकारीलाई संलग्न गराउनु पर्नेछ ।"

(२) उपदफा (२) मा रहेका "नेपाली रुपैयाँ १००। एकसय सम्म" भन्ने शब्दहरुको सट्टा "दुइ हजार रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन् ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
1323

(३) उपदफा (३) मा रहेका "नेपाली रुपैयाँ ५०। पचाससम्म" भन्ने शब्दहरुको सट्टा "एक हजार रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

८. <u>मल ऐनको दफा ९ मा संशोधन</u> : मूल ऐनको दफा ९ को दफा शीर्षकमा रहेको "(१)" भन्ने अंक झिकिएकोछ ।

लालमोहर सदर मिति:- २०५५।१०।७५

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।